# अभिभावकले विद्यार्थीको भर्चुअल पढाईमा उपस्थितिकालागि चेक्-इन् गर्ने
## मिति: अगस्ट २४, २०२०

कलम्बस सिटी स्कूलहरूले २०२०/२०२१ स्कूल वर्षलाई टाढाबाट पढ्ने (रिमोट लर्निङ) द्वारा सुरु गरेको छ। बिद्यार्थीले उनीहरूको कक्षामा उपस्थिति जनाउन दिनैपिछे चेक इन गर्नु पर्ने अपेक्षा गरिन्छ। अभिभावक/संरक्षकहरूले आफ्ना विद्यार्थी (हरू) इन्फिनाइट क्याम्पसमा प्यारेन्ट पोर्टल मार्फत दिनभर चेक-इन गर्न सक्दछन्।
**केवल सम्झानाकालागि! प्यारेन्ट र स्टुडेन्ट पोर्टलहरू तँपाईको फोनमा एक एप्स हुन सक्छ! इन्फिनाइट क्याम्पसले उनीहरूको एप्सलाई धेरै सजिलो र प्रयोगकर्ता मैत्री हुनेगरि अपग्रेड गरेको छ र कम्प्युटर वा मोबाइल उपकरणहरूमा प्रयोगकालागि उत्तरदायी बनाउन डिजाइन गरिएको हो। एप्पल वा गुगल प्ले एप्स स्टोरमा लग इन गर्नुहोस् र आज "क्याम्पस स्टुडेन्ट" डाउनलोड गर्नुहोस्!**
नोट: एलिमेन्ट्रीका विद्यार्थीको उपस्थिति प्रकृयाका चरणहरु  माध्यमिक वा हाई स्कूलका विद्यार्थीको हेरि फरक पर्छन्।अभिभावक/ संरक्षकहरुले दैनिक उपस्थिति प्रकृया पूरा गर्न तल दिइएका चरणहरु अप्नाउन सक्दछन् (चेक-ईन् बिहान ७:30 बजे देखि बेलुकि ११:०० बजे पूर्वी मानक समय सम्म उपलब्ध छ) *:

**नोट: एलिमेन्ट्रीका विद्यार्थीको उपस्थिति प्रकृयाहरु  माध्यमिक वा हाई स्कूलका विद्यार्थी हेरि फरक  पर्छन्।**

### चरण १: तँपाईको  इन्फिनाइट क्याम्पस प्यारेन्ट पोर्टलमा साइन् इन् गर्नुहोस्

सि.सि.एस वेबसाइट: www.ccsoh.us मा भएको प्यारेन्ट पृष्ठको प्यारेन्ट पोर्टल लिंक प्रयोग गरेर लगइन् गर्नुहोस्। यदि तँपाई आफ्नो प्रयोगकर्ता नाम र/वा पासवर्ड सम्झन सक्नु भएन भने तँपाईले सेटअप गर्दा दिएको ईमेल ठेगानामा तँपाईले स्क्रिनमा पोर्टलमार्फत लगइन् जानकारी ईमेल गरिमाँग्न अनुरोध गर्न सक्नुहुनेछ।




### चरण २:" टुडे "ट्याब खोल्नुहोस्

जब पोर्टल खुल्छ, यसले स्वचालित रूपमा "म्यासेज सेन्टर" पृष्ठ प्रदर्शन गर्दछ। "टुडे " ट्याबमा क्लिक गर्नुहोस्। यदि तपाइँ स्क्रिनको बाँया पट्टि ट्याबहरूको सूची देख्नुहुन्न भने तिनीहरूलाई प्रदर्शन गर्न राखिएको इन्फिनाइट क्याम्पसको लोगो पछाडिको शीर्षको तिन धर्कामा क्लिक गर्नुहोस्।



# अभिभावकले विद्यार्थीको भर्चुअल पढाईमा उपस्थितिकालागि चेक्-इन् गर्ने
## मितिः अगस्ट २४, २०२०

**चरण ३ : चेक-इन् गर्नकालागी सही उपस्थिति कोठालाई छान्नुहोस्**
**विशेष नोटः सीसीएस स्कूलहरूमा यदि तपाईंका एउटा भन्दा बढी विद्यार्थीहरू छन् भने तपाँ लईले आफ्नो स्क्रिनको माथिल्लो दाहिनेपट्टि ड्रप-डाउन मेनूबाट जाँचिरहनु भएको विद्यार्थीलाई छान्नु पर्नेछ।**

"टुडे " पृष्ठमा तँपाईले छनौट गर्नुभएको विद्यार्थीको जानकारी देखा पर्नेछ। स्क्रिनको बिचमा एउटा "चेक-ईन" खण्ड छ। याद गर्नुहोस् कि तँपाईले उपस्थित हुने वास्तविक मितिमा मात्र चेक-इन गर्न सक्नु हुनेछ।

यो उदाहरण एक **एलिमेन्टरीका विद्यार्थीकालागि** हो।**"एलिमेन्टरीको उपस्थिति" भन्ने बक्समा क्लिक गर्नुहोस्। यो मात्र एउटा कोठा हो जुन चेक-ईन मुनि देखा पर्नेछ।**




यो उदाहरण एक **माध्यमिक वा हाई स्कूलका विद्यार्थीको** लागि पनि हो। उपस्थित हुन आवश्यक पर्ने उनीहरूका सबै निर्धारित वर्गहरू चेक-इन शीर्षकको मुनि देखाइनेछ। तँपाईले सहि पाठ्यक्रम छान्नु पर्छ जुन तँपाईको विद्यार्थीलाई जाँच गर्दै हुनुहुन्छ।




**चरण ४: के, तपाँईको विद्यार्थी यहाँ छ?**

प्रणालीले तँपाईको विद्यार्थीले आज भाग लिइरहेको छ भनेर सोध्नेछ। "हो, [विद्यार्थीको पहिलो नाम] यहाँ छ" बटन क्लिक गर्नुहोस्।

यस उदाहरणमा यो **एलिमेन्ट्री स्कूलको विद्यार्थी** हो। उनीहरूले उपस्थिति दिनमा केवल एक पटक मात्र चेकइन् गर्नुपर्नेछ।




यस उदाहरणमा यो **मध्यमिक वा हाई स्कूलको विद्यार्थी हो**। उपस्थिति आवश्यक पर्ने प्रत्येक पाठ्यक्रमकालागि उनीहरूले दिनभर कक्षा परिवर्तन गर्दै थिए झै गरि साइन्-इन् हुनै पर्छ। तँपाईले आफ्ना विद्यार्थीलाई छान्न चाहानुभएको पाठ्यक्रम छान्नुहोस् र "हो, [विद्यार्थीको पहिलो नाम लेखेर] यहाँ छ" बटनमा क्लिक गर्नुहोस्। त्यो पाठ्यक्रम हराउनेछ र अर्को पाठ्यक्रम सूचीको शीर्षमा सर्नेछ।




## चरण ५ : तँपाईको विद्यार्थी अब चेक्-इन् भयो

**एलिमेन्टरीका विद्यार्थीहरूकालागि** - माथिको दायाँ कुनामा एउटा सन्देश इवाट्टै झिलिक्क बलेर भन्दछ "चेक-इन सुरक्षित गरियो" मुख्य स्क्रिनले संकेत गर्दछ कि त्यहाँ कुनै थप चेक-इनहरू उपलब्ध छैनन् । "टुडे" ट्याबमा फर्कन "ब्याक" बटन थिच्नुहोस्।

अब चेक-इन गर्न सकिने विकल्प अर्को उपस्थिति दिन सम्मकालागि गायब हुन्छ। यदि तँपाईका विद्यार्थीहरूले आफै चेक्-इन् गरे भने तँपाईले चेक्-इन् विकल्प देख्नुहुने छैन।




**मध्यमिक र हाई स्कूलका विद्यार्थीहरू**कालागि, तिनीहरू प्रत्येक पाठ्यक्रममा चेक-इन भएको हुनु पर्छ। तँपाईले तिनीहरूलाई पहिलो पाठ्यक्रममा चेक-ईन गरेपछि तँपाईले "चेक-इन सेव सन्देश पाउनुहुनेछ। उनीहरूमा चेक-इन भएपछि तँपाईले विद्यार्थीलाई अर्को पाठ्यक्रममा चेक-इन गराउन सक्नुहुन्छ वा यदि तँपाईले "ब्याक" बटन थिच्नुभयो र "टुडे" पृष्ठमा फर्कनुभयो भने तँपाईले थहा पाउनु हुनेछ कि "चेक-ईन" को सूचीबाट पाठ्यक्रम हराइसकेको हुन्छ।

सबै पाठ्यक्रमहरू विद्यार्थीले चेक-ईन नगरेसम्म यो प्रक्रिया जारी राख्नुहोस्।



# अभिभावकले विद्यार्थीको भर्चुअल पढाईमा उपस्थितिकालागि चेक्-इन् गर्ने
## मिति: अगस्ट २४, २०२०




*यदि तपाइँलाई विश्वास छ कि तपाइँको बच्चा शिक्षा बोर्ड (BOE) द्वारा अनुमोदित अनुपस्थितिको कारण अन्तर्गतको अनुमोदित अनुपस्थितिकालागि योग्य छ भने कृपया तपाइँको स्कूल सचिवलाई अनुपस्थिति रिपोर्ट गर्न ईमेल पठाउनुहोस् वा सम्पर्क गर्नुहोस् अनि कुनै आवश्यक कागजात स्कूलमा उपलब्ध गराउनुहोस्।